# स्थानीय तह उपनिर्वाचन २०८१

## पर्यवेक्षण प्रारम्भिक प्रतिवेदन

२०८१ मङ्सिर १६ गते





मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः
२७२६, काठमाडौं फानः ५२१८७७०,
फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org

## प्रारम्भ

सातै प्रदेशका ३२ जिल्लाका ४१ पदका लागि स्थानीय तह उपनिर्वाचन २०८१ मङ्सिर १६ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान भएको छ । रिक्त रहेका ४२ पदमध्ये एक जना वडाध्यक्ष यसअघि नै निर्विरोध भइसकेकाले मङ्सिर १६ गते ४१ पदका लागि निर्वाचन भएको हो । यि बाहेक रिक्त रहेका कैलाली र ओखलढुङ्गाको जिल्ला समन्वय समिति प्रमुख पनि निर्विरोध भइसकेका छन् । निर्वाचनको पूर्व तयारी र आम मतदाता तथा सरोकारवालाले सोचे जस्तै शान्तिपूर्ण रूपमा मतदान कार्य सम्पन्न भएको इन्सेकका पर्यवेक्षकले जनाएका छन् ।[1] इन्सेकका पर्यवेक्षकले जनाए अनुसार ६० प्रतिशतको हाराहारीमा मतदान भएको छ ।

| क्रसं | प्रदेश | पर्यवेक्षक सङ्ख्या |
|---|---|---|
| १ | कोशी | ८ |
| २ | मधेश | ५ |
| ३ | बागमती | ११ |
| ४ | गण्डकी | १ |
| ५ | लुम्बिनी | ४ |
| ६ | कर्णाली | ५ |
| ७ | सुदूरपश्चिम | ६ |
| ८ | जम्मा | ४० |

स्थानीय तह निर्वाचन ऐन, २०७३ को परिच्छेद २ को दफा ३ मा निर्वाचनसम्बन्धी व्यवस्था गरिएको छ । यो दफाको उपदफा १ मा सदस्यको निर्वाचन गाउँ सभा वा नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि हुनेछ । तर, यो ऐन प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचनको हकमा दफा ४ बमोजिम तोकिएको मितिमा निर्वाचन हुनेछ भनिएको छ ।

त्यसैगरी उपदफा २ मा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्ष एवम् नगरपालिकाको प्रमुख, उपप्रमुख तथा वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा बाँकी पदावधिको लागि निर्वाचन आयोगको परामर्श लिई नेपाल सरकारले तोकेको मितिमा त्यस्तो रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गरिनेछ । तर, एक वर्ष भन्दा कम पदावधि बाँकी रहेको अवस्थामा उपनिर्वाचन गरिने छैन भन्ने व्यवस्था छ । यही व्यवस्था अन्तर्गत निर्वाचन आयोगले यो उपनिर्वाचन गरेको हो ।

देशका विभिन्न स्थानीय तहका रिक्त ४१ पदका लागि उपनिर्वाचन ०८१ मङ्सिर १६ गते बिहान ७ बजेदेखि सुरु भएको छ । बिहान ७ बजेदेखि सुरु भएको मतदान साँझ ५ बजेसम्म जारी रहेको थियो । आयोगका अनुसार आज नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन भएको हो ।

काठमाडौंको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दोलखाको गौरीशङ्कर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि मतदान भइरहेको छ । त्यसैगरी काठमाडौंको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौं महानगरपालिका वडा नं १६, धनुषाको धनुषाधाम नगरपालिका-१, महोत्तरीको रामगोपालपुर नगरपालिका-२, रौतहटको ईशनाथ नगरपालिका-७, राजपुर नगरपालिका-६ र गढीमाई नगरपालिका-८, ताप्लेजुङको सिरिजङ्घा गाउँपालिका-३, झापाको कन्काइ नगरपालिका-६, तेह्रथुमको लालीगुराँस नगरपालिका-८, सुनसरीको गढी गाउँपलिका-६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका-५, उदयपुरको त्रियुगा नगरपालिका-१२ र बेलका नगरपालिका-९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, नुवाकोटको ककनी

1 https://inseconline.org/np/%e0%a4%a8%e0%a4%bf%e0%a4%b0%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%9a%e0%a4%a8/

गाउँपालिका वडा नं २, मकवानपुरको हेटौंडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १, दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि भएको निर्वाचन शान्तिपूर्ण रुपमा मतदान भइरहेको इन्सेक प्रतिनिधिहरुले बताएका छन् ।

काठमाडौँका केही मतदान केन्द्र भने निकै साँघुरो पाइएको थियो । पकनाजोलस्थित वडा कार्यालय पछाडिको (श्री क्षेत्रपाल भजन मण्डलको परिसरमा रहेको) मतदानस्थल निकै साँघुरो थियो । यो मतदानकेन्द्र अपाङ्गतामैत्री थिएन । यहाँको अवस्था झल्कने तस्वीर लिन पनि सुरक्षाकर्मीले रोकेका थिए । मत्स्य पालन केन्द्रको मतदानस्थलमा निर्वाचनका एक अधिकारीले फोटो खिच्न अनुमति दिएका थिए भने अर्का अधिकारी आएर पर्यवेक्षकलाई फोटो नखिच्न निर्देशन दिएका थिए । विगतका निर्वाचनहरुमा झैँ उम्मेदवारलगायत केहीले मतपेटिकामा मत खसाल्दै गरेको फोटो सामाजिक सञ्जालमा पोष्ट्याएका थिए । पर्यवेक्षकलाई निश्चित दुरीबाट फोटो खिच्न नदिने निर्वाचन कर्मचारी र सुरक्षाकर्मीले पदीय हैसियतमा रहेकाहरुलाई भने निर्वाध फोटो खिच्न दिइरहेका थिए । जसबाट लोकतान्त्रिक निर्वाचनको मर्यादाप्रति प्रश्न गर्ने ठाउँ रहन्छ ।

मधेस प्रदेशमा शान्तिपूर्ण रूपमा मतदान सुरु

कर्णाली प्रदेशमा शान्तिपूर्ण रूपमा मतदान सुरु ! (फोटो फिचर)

लुम्बिनी प्रदेशमा शान्तिपूर्ण रूपमा मतदान सुरु ! (फोटो फिचर)

तस्बिरमा स्थानीय तह उपनिर्वाचन २०८१

स्थानीय तह उपनिर्वाचन : ४१ पदका लागि मतदान सुरु

**निश्कर्ष**

निर्वाचनका क्रममा आचारसंहिता विपरितका गतिविधि भएका भएपनि उजुरी नपरेका कारण कारवाही नभएको पाइएको इन्सेकका पर्यवेक्षक एवम् इन्सेक प्रतिनिधिले जनाएका छन् । तर, यसपटकको निर्वाचनमा आयोगले निकै चनाखो भएर अनुगमन गर्ने, निर्देशन दिने र स्पष्टीकरण सोध्ने जस्ता गतिविधि भने बढाएको थियो । निर्वाचन आयोगले पर्यवेक्षकका लागि गरिनुपर्ने व्यवहारका बारेमा सुरक्षा संयन्त्र र निर्वाचनमा खटिने कर्मचारीलाई अभिमुखीकरण गरेजस्तो अनुभव थिएन । आयोगले अभिमुखीकरण गरेको भए आगामी दिनमा यसमा थप प्रयास गर्नुपर्ने देखिन्छ । निर्वाचनलाई मर्यादित बनाउने आयोगको जिम्मेवारीमा पर्यवेक्षकले सहयोग र समर्थन गरेको बुझाइलाई एकरुपता बनाउनु आवश्यक छ । मतदातालाई पायक पर्ने मतदान केन्द्र फराकिलो तथा अपाङ्गतामैत्री बनाउनु जरुरी छ ।

**पर्यवेक्षणका क्रममा लिइएका फोटोः**




श्री सर्सेपु आधारभूत विद्यालय
Shree Sarsepu Basic School














बाहिर


बाहिर


भित्र
बाहिर










निर्वाचन आयोग
नेपाल


Galaxy S21 Ultra 5G










24 Hours Service
सहकारी संस्था लि.
FOR CONTACT
ICU
VENTILATOR








NEP






मित्र






महिला


भित्र


FINANCIAL SUPPORT FOR GROUND FLOOR BY-
PLAN INTERNATIONAL NEPAL
CHHORA CHHORI SAMUH JAPAN


















पुरुष
महिला






Ausicare




Austcare
actionaid
SOCEP NEPAL








SHREE YARSA BASIC


SHREE


Human Rights Defender
मानवअधिकार रक्षक

| स्थानीय तह उपनिर्वाचन-२०८१ का लागि इन्सेकका पर्यवेक्षक | | | |
|---|---|---|---|
| **क्र.सं.** | **नाम** | **सम्पर्क नं** | **पर्यवेक्षण गर्न खटिने स्थान** |
| १ | रमेशप्रसाद तिमल्सिना | 9851226817 | काठमाडौँ महानगरपालिका-१६, काठमाडौँ |
| २ | पुण्यप्रसाद अधिकारी | 9842103783 | ग्रामथान गाउँपालिका, मोरङ |
| ३ | विनोद सुवेदी | 9842252046 | ग्रामथान गाउँपालिका, मोरङ |
| ४ | सरस्वती बानिया | 9852862999 | मोलुङ गाउँपालिका-५, ओखलढुङ्गा |
| ५ | जयकृष्ण यादव | 9842125275 | गढी गाउँपालिका-६, सुनसरी |
| ६ | एलिना दियाली | 9840646588 | सिरिजङ्घा गाउँपालिका-३, ताप्लेजुङ |
| ७ | सुरेश खत्री | 9842311564 | लालीगुराँस गाउँपालिका-८, तेह्रथुम |
| ८ | राकेश नेपाली | 9862844732 | त्रियुगा नगरपालिका-१२, उदयपुर |
| ९ | नरेश खाती | 9842698516 | कन्काई नगरपालिका-६, झापा |
| १० | अजय परियार | 9819745497 | डाक्नेश्वरी नगरपालिका-१, सप्तरी |
| ११ | गौरी न्यौपाने | 9866030837 | ईशनाथ नगरपालिका-७, रौतहट |
| १२ | ममता विश्वकर्मा | 9813343536 | रामगोपालपुर नगरपालिका-२, महोत्तरी |
| १३ | सन्तोषकुमार यादव | 9826819365 | धनुषाधाम नगरपालिका-१, धनुषा |
| १४ | राजु पासवान | 9845027507 | धनुषाधाम नगरपालिका-१, धनुषा |
| १५ | विजयराज गौतम | 9851058455 | किर्तिपुर नगरपालिका, काठमाडौँ |
| १६ | डा. रघुनाथ अधिकारी | 9851226166 | किर्तिपुर नगरपालिका, काठमाडौँ |
| १७ | डा. इन्दिरा श्रेष्ठ | 9841282350 | किर्तिपुर नगरपालिका, काठमाडौँ |
| १८ | कृष्ण गौतम | 9851015550 | काठमाडौँ महानगरपालिका-१६, काठमाडौँ |
| १९ | गणेशप्रसाद भण्डारी | 9851244553 | किर्तिपुर नगरपालिका-४ बाहेक, काठमाडौँ |
| २० | उद्धवप्रसाद पोखरेल | 9851139982 | गौरीशङ्कर गाउँपालिका, दोलखा |
| २१ | नवदीप श्रेष्ठ | 98511110645 | ककनी गाउँपालिका-२, नुवाकोट |
| २२ | सलिना गौतम | 9845076637 | हेटौँडा उपमहानगरपालिका-१२, मकवानपुर |
| २३ | हरिराम उप्रेती | 9846188705 | गोरखा नगरपालिका-५, गोरखा |
| २४ | टोपलाल अर्याल | 9857067227 | मुसिकोट नगरपालिका-१, गुल्मी |
| २५ | तिलक घर्तीमगर | 9863126653 | रुन्टीगढी गाउँपालिका-४, रोल्पा |

| | | | |
|---|---|---|---|
| २६ | सोम नेपाली | 9862202120 | ठाकुरबाबा नगरपालिका-४, बर्दिया |
| २७ | प्रकाश पौडेल | 9848055505 | ठाकुरबाबा नगरपालिका-४, बर्दिया |
| २८ | अमर सुनार | 9858050455 | महाबु गाउँपालिका, दैलेख |
| २९ | कलमबहादुर नेपाली | 9844812998 | दुल्लु नगरपालिका-१३, दैलेख |
| ३० | नन्द सिंह | 9848318092 | सर्केगाड गाउँपालिका, हुम्ला |
| ३१ | बासुदेव शर्मा | 9844869025 | नलगाड नगरपालिका, जाजरकोट |
| ३२ | कालीबहादुर मल्ल | 9848310570 | तिलागुफा नगरपालिका-४, कालीकोट |
| ३३ | सत्यराज बहादुर सिंह | 9865960806 | सुर्मा गाउँपालिका-४, बझाङ |
| ३४ | खडकराज जोशी | 9858420306 | भिमदत्त नगरपालिका, कञ्चनपुर |
| ३५ | कृष्णबहादुर बिक | 9848534660 | भिमदत्त नगरपालिका, कञ्चनपुर |
| ३६ | लिली कुँवर | 9848753659 | भिमदत्त नगरपालिका, कञ्चनपुर |
| ३७ | नरेन्द्र सिंह कार्की | 9848829915 | दुहुँ गाउँपालिका-५, दार्चुला |
| ३८ | सुवास नेपाली | ९८६२४७९४३९ | पूर्वचौकी गाउँपालिका-६, डोटी |
| ३९ | सम्झा श्रेष्ठ | 9841255540 | काठमाडौं महानगरपालिका-१६, काठमाडौं |
| ४० | पार्बतीकुमारी साउद | 9848446438 | काठमाडौं महानगरपालिका-१६, काठमाडौं |

मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा:
२७२६, काठमाडौं फान: ५२१८७७०,
फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np, वेबसाइट: www.insec.org.np, www.inseconline.org